# डुङ्गेश्वर गाउँपालिका

**गाँउ** कार्यपालिकाको कार्यालय
डाँडापराजुल , दैलेख
कर्णाली प्रदेश ,नेपाल
शिक्षा, युवा तथा खेलकुद शाखा

पत्र संख्या:-२०७८/०७९
चलानी नं.:- ५८१

मितिः२०७८/०९/०१

**विषय : विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) अन्तर्गतका क्रियाकलापका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

श्री सामुदायिक विद्यालयहरु सबै,
डुङ्गेश्वर गाउँपालिका, दैलेख ।

प्रस्तुत विषयमा आर्थिक बर्ष २०७८/०७९ मा यस गाउँपालिकालाई विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) अन्तर्गत सर्सत अनुदानको रुपमा तपसिल बमोजिमका क्रियाकलाप गर्न वित्तीय हस्तान्तरण भई आएको र कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/०७९ बमोजिम उक्त क्रियाकलापहरु सञ्चालन गर्नका लागि विद्यालय छनौट गर्नुपर्ने भएकोले उक्त क्रियाकलापहरु सञ्चालन गर्न इच्छुक सामुदायिक विद्यालयहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपसिलमा उल्लेखित कागजात सहित यस गाउँपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखामा प्रस्ताव पेश गर्नुहुन अनुरोध छ ।

मनबहादुर गौतम
शिक्षा अधिकृत (छैठौं)

(ललित कुमार थापा)
प्रमुख प्रशासकीय अधिकृत

तपसिल:

| क्र.सं | क्रियाकलाप | अनुदान कोटा | अनुदान रकम रु.(प्रति कोटा) | संलग्न गनुपर्ने कागजातहरु |
|---|---|---|---|---|
| १ | तोकिएको सूचकाङ्कको आधारमा कार्य सम्पादन गर्ने विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान | ५ | ५० हजार | • अनुदान रकम मागका लागि विद्यालयको पत्र<br>• विद्यालयको स्व-मूल्याङ्कन अङ्क भरी प्रधानाध्यापकद्धारा प्रमाणित गरिएको विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ को अनुसूचि ३ बमोजिमको कार्य सम्पादन मूल्याङ्कन फाराम |
| २ | माध्यामिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन | १ | ६ लाख ५० हजार | • अनुदान मागका लागि यस अघि सरकारी तथा गैरसरकारी निकायबाट |

| | | | | |
|---|---|---|---|---|
| | (फिक्सिङ,किताव खरिद तथा इ-पुस्तकालय समेत) | | | हाल माग गरेको प्रकृतिको कार्यक्रम प्राप्त नगरेको स्व-घोषणा सहितको माग पत्र<br>• वि.व्य.स.का. निर्णय प्रतिलिपि पुस्तकालय ICT वा विज्ञान प्रयोगशाला मध्ये जुन क्रियाकलापका लागि अनुदान माग गर्ने हो त्यसको स्थापनाका लागि आवश्यक कोठा भई उक्त कोठामा सम्बन्धित कार्यक्रम स्थापनाका लागि नमूना विद्यालय सञ्चालन निर्देशिका,२०७४ को सम्बन्धित खण्ड र अनुसूचीमा भएको आधार,मापदण्ड र स्पेसिफिकेशनको परिधी भित्र रहेर सार्वजनिक खरिद ऐन,नियमावली तथा विद्यालय खरिद दिग्दर्शन अनुसारका प्रक्रियाहरु पूरा गरी सामग्री खरिद तथा व्यवस्थापन गर्ने कार्ययोजना सहित उल्लेख गरेर तयार पारिएको प्रस्तावना पत्र<br>• सम्बन्धित वडाको सिफारिस पत्र<br>• नोट :क्रियाकलाप शीर्षकमा माध्यमिक शब्द भएतापनि कक्षा ८ सम्म सञ्चालित आधारभूत विद्यालयले समेत माग पेश गर्न सक्नेछन् । |
| ३ | शिक्षण सिकाइमा सूचना प्रविधि (ICT) को प्रयोगका लागि अनुदान | १ | ६ लाख ५० हजार | |
| ४ | माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | १ | ६ लाख ५० हजार | |

मनबहादुर गौतम
शिक्षा अधिकृत (छैठौं)

ललित कुमार थापा
प्रमुख प्रशासकीय अधिकृत